# काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल
(प्रशासन विभाग)


प.सं.:०८१/८२
च.नं.: ४०

मिति:२०८१/०४/११

## सीमित प्रतियोगिताबाट कर्मचारी स्थायी गर्ने सम्बन्धी संसोधित सूचना

काठमाडौं महानगरपालिका अस्थायी/ करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि,२०८० ले काठमाडौं महानगरपालिकामा सम्वत् २०६४ असोज मसान्तसम्ममा अस्थायी/ करार सेवामा नियुक्ति पाई हालसम्म अविछिन्न रुपमा सोही पदमा हालसम्म कार्यरत रहेका कर्मचारीहरुलाई श्री सर्वोच्च अदालतको आदेशबमोजिम तत् तत् पदमा सीमित प्रतियोगिताको माध्यमद्वारा स्थायी गर्ने भनी उल्लेख भए वमोजिम मिति २०८१/०३/१० गते पदपूर्ति समितिबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र रितपूर्वकको दरखास्त दिन आह्वान गरेकोमा विभिन्न पदका लागि दरखास्त पेश हुन आएको र प्रशासन विभागबाट प्राप्त पदको अतिरिक्त अन्य पदहरुका लागि पनि रितपूर्वकको दरखास्त पेश हुन आएको हुँदा यो संशोधित सूचना प्रकाशन गरिएको छ। परीक्षा तालिका पछि प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ। दरखास्त फारम पेश गर्ने अन्तिम मिति सम्वत् २०८१ श्रावण १३ गते सम्म रहेको व्यहोरा समेत सूचित गरिन्छ।

देहायः

| क्र.स | विज्ञापन नं. | पद /तह/समूह | पदपूर्तिको प्रकृया | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/८०-८१ | कम्प्यूटर अपरेटर (पाँचौं) | सीमित प्रतियोगिता | १४ | ७००/-(सात सय) | |
| २ | ०२/८०-८१ | कम्प्यूटर टेक्निसियन (पाँचौं) | सीमित प्रतियोगिता | १ | ७००/-(सात सय) | |
| ३ | ०३/८०-८१ | पत्रकार(पाँचौं) | सीमित प्रतियोगिता | १ | ७००/-(सात सय) | |
| ४ | ०४/८०-८१ | इलेक्ट्रिसियन (चौथो) | सीमित प्रतियोगिता | ८ | ७००/-(सात सय) | |
| ५ | ०५/८०-८१ | कार्यालय सहयोगी | सीमित प्रतियोगिता | ४ | ५००/-(पाँच सय) | २ जना पछि थप हुन आएको |
| ६ | ०६/८०-८१ | कुचिकार | सीमित प्रतियोगिता | १ | ५००/-(पाँच सय) | |
| ७ | ०७/८०-८१ | सिकर्मी | सीमित प्रतियोगिता | १ | ७००/-(सात सय) | |
| ८ | ०८/८०-८१ | भारी सवारी चालक | सीमित प्रतियोगिता | १ | ५००/-(पाँच सय) | पछि थप हुन आएको |
| ९ | ०९/८०-८१ | ईलेक्ट्रिक हेल्पर | सीमित प्रतियोगिता | १ | ५००/-(पाँच सय) | पछि थप हुन आएको |
| १० | १०/८०-८१ | पत्रकार चौथो | सीमित प्रतियोगिता | १ | ७००/-(सात सय) | पछि थप हुन आएको |

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल
(प्रशासन विभाग)

प.सं.:०८१/८२
च.नं.: ४०

मितिः२०८१/०४/११

१। **न्यूनतम शैक्षिक योग्यताः** लोकसेवा आयोगद्वारा सम्बन्धित पद/तह समूहका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको।

२। मिति २०६४ साल असोज मसान्तभन्दा अघि देखि हालसम्म अबिछिन्न रुपमा कार्यरत रहेको।(प्रमाणित सक्कल पत्र संलग्न गर्नुपर्नेछ)

३। कार्यालय सहयोगी / कुचिकार जस्ता श्रेणी बिहिन पदका कर्मचारीहरुको आवेदन संकलन पश्चात अन्तर्वार्ताद्वारा छनौटका लागि सिफारिस गरिनेछ।

४। **परीक्षाको किसिमः** (क) लिखित (ख) प्रयोगात्मक र (ग) अन्तर्वार्ता हुने।

५। **दरखास्त बुझाउने अन्तिम मितिः** प्रथम पटक यो सूचना प्रकाशित मितिले पैंतिस दिनभित्र।

६। **सम्पर्क मितिः**यसै वेवसाइट मार्फत जानकारी गराइनेछ।

७। **लिखित परीक्षा मितिः** यसै वेवसाइट मार्फत जानकारी गराइनेछ।

८। दरखास्त दस्तुर काठमाडौं महानगरपालिकाको राजश्व विभागमा सम्पर्क गरी बुझाउनु पर्नेछ।

९। **आवश्यक कागजातः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरुः-

(क) नेपाली नागरिकताको प्रतिलिपि,
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) अविछिन्न सेवामा रहेको प्रमाण पत्र,
(घ) सम्बन्धित उम्मेदवारले आवेदन पेश गरेको पदको लागि योग्य छु भन्ने स्व घोषणापत्र,
(ङ) पासपोर्ट साईजको फोटो २ प्रति।

१०। रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। रित नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गरिनेछ।

सदस्य सचिव
पदपूर्ति समिति
काठमाडौं महानगरपालिका

काठमाडौं प्लाजा, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४१६८७१७
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np